# ताराखोला गाउँपालिकाद्धारा जारी श्वेतपत्र

## (वार्षिक बजेट नीति तथा कार्यक्रम)

आ.व.२०८०/८१

ताराखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
गण्डकी प्रदेश, नेपाल

*अध्यक्ष*

*धन बहादुर वि.क. "हिमाल"*

ताराखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

अर्गल , बागलुङ

मितिः-२०८०/०४/२६ गते

धन बहादुर वि.क.
अध्यक्ष

Scanned with CamScanner

Scanned with CamScanner

ताराखोला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

गण्डकी प्रदेश नेपाल

## *तारखोला गाउँपालिकाद्वारा जारी श्वेत पत्र*

*आदरणीय गाउँपालिका बासी दिदिबहिनी तथा दाजुभाईहरु,*

राष्ट्र निर्माणको लागी नेपाली जनताको महान परिवर्तनकारी जनयुद्दमा शदाहत प्राप्त गर्नु हुने जनयुद्द, जनआन्दोलन लगायत सम्पुर्ण न्यायपुर्ण आन्दोलनमा सहभागी ज्ञात अज्ञात सहिद हरुप्रति श्रदान्जली अर्पण गर्दछौ । साथै महान जनयुद्धमा वेपत्ता योद्धाहरुप्रति स्मरण गर्न चाहान्छौ ।तारखोला गाउँपालिकालाई हाम्रो र राम्रो बनाउनको लागी हामीलाइ मुल्यवन मत दिई यस सम्म पुर्याउनु हुने सम्पुर्ण तारखोला बासी आम जनसमुदायहरुलाई हामी सम्पुर्ण जनप्रतिनिधिको तर्फबाट हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछौ ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चातहामी निर्वाचित भएको दुई वर्षको दौरानमा स्थानिय सरकारको रुपमा दुई पटक नीति कार्यक्रम तथा वजेट यहाँहरु माग पेश गरिसकेका छौ । गत आर्थिक वर्षको नीति कार्यक्रम तथा वजेटको समिक्षा तथा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम संगै बजेट कार्यान्वयनको बारेमा जानकार बनाउनको लागि तारखोला गाउँपालिकाको तर्फबाट यहाँहरुको विचमा यो श्वेत पत्र जारी गरेको जानकारी गराउन चाहान्छौ ।

*आदरणीय तारखोला बासी दिदीबहिनी तथा दाजुभाईहरु,*

तारखोला गाउँपालिकाको समानुपातिक, समन्यायिक र समुचित विकास गर्न, सुशासन कायम गर्दै नागरिक मैत्री सेवा प्रवाहमा समेत हामी प्रतिबद्ध छौं । संविधानको मर्म अनुसार संघ, प्रदेश, स्थानिय तह तीन वटै सरकार, राजनैतिक संयन्त्र, विभिन्न सरकारी ,गैरसरकारी निकाय ,वुद्धिजिवी तथा नागरिक समाज संग सहकार्य ,समन्वय र साझेदारी गर्दै हामी अगाडी बढ्ने छौ । तसर्थ स्थानीय सरकारका कार्यक्रम र योजनाहरु सँगसँगै आम तारखोला गाउँपालिका वासी नागरिकहरु सँगसगै अगाडि बढ्नको लागि हामिले आज यो श्वेतपत्र जारी गरेका छौ ।

Scanned with CamScanner

Scanned with CamScanner

तराखोला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

गण्डकी प्रदेश नेपाल

*आदरणीय ताराखोला बासी दिदीबहिनी तथा दाजुभाईहरु*

गत आर्थिक वर्षमा हामीले तपसिल बमोजिमको प्रगति हासिल गरेको कुरा राख्न चाहान्छु।

- बहुउद्धेश्यीय सहकारी को स्थापना र प्रवर्धन गर्ने,
- शिक्षाको गुणस्तर सुधार मा जोड दिने,
- पर्यटकीय क्षेत्रको पहिचान र विस्तारको लागी पुर्वाधार विकासमा जोड,
- समाजमा रहेको असमनता कुसंकार कुरिती अन्त्यको लागी न्याय र समानता प्रवर्द्धनमा जोड,
- पुर्वाधार विकास अन्तर्गत सडक मर्मत तथा स्तरोन्नती गरी नागरिकलाई दैनिक जिवन यापनमा सहजता,
- लघुउद्यम मार्फत गरिव महिला विपन्न परिवारलाई स्वारोजगारको आधार निमार्ण,
- सहिद वेपत्ता घाईते अपाङ्गहरुलाई जीवन निर्वाह भत्ता वितरण कार्य शुरु,
- बहुवर्षिय समपुरक र विशेष अनुदान कार्यक्रमहरुको निरन्तरता,

*आदरणीय ताराखोला बासी दिदीबहिनी तथा दाजुभाईहरु*

ताराखोला गाउँपालिकाको गत आर्थिक वर्षमा वजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिम प्रगति हासिल गरेको जानकारी गराउन चाहन्छौ।

- कुल आयः रु ३८ करोड ४७ लाख ११ हजार १६४ रुपैया ३ पैसा
- बजेट खर्च (व्यय) ३५ करोड ५२ लाख २२ हजार ८८ रुपैया मात्र
- आन्तरिक आम्दानीः ७४ लाख ३१ हजार १ सय ९८ रुपैया ९६ पैसा
- बजेट प्रासिको आधारमा वित्तिय प्रगतीः-९२.३३ प्रतिशत
- कुल बजेटको आधारमा वित्तीय प्रगतीः-८८.१५ प्रतिशत
- चालु खर्चः- ९२.२ प्रतिशत
- पुजीगत खर्चः- ८४.१ प्रतिशत रहेको छ ।

Scanned with CamScanner

Scanned with CamScanner

ताराखोला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
गण्डकी प्रदेश नेपाल

*आदरणीय ताराखोला बासी दिदीबहिनी तथा दाजुभाईहरु*

गत आ.व.मा हामीले मुख्य रुपमा ताराखोलामा आर्थिक विकासको लागि सहकारी मार्फत आम ताराखोला बासी दिदी बहिनी दाजुभाईहरुलाई प्रत्यक्ष कृषि पशु कार्यक्रम मार्फत आयआर्जन तथा रोजगारीमा जोडने कार्यक्रम लिई ताराखोला बहुउद्धेश्यीय सहकारीको स्थापना गरेको छौ । यसमा ताराखोला गाउँपालिकाको पनि शेयर रहेको हुदा ताराखोला बासीको आयआर्जन तथा रोजगारीमा यसले प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुग्ने छ ।श्रम रोजगार बैक मार्फत रोजगारीको अवसर श्रृजना गर्नको लागी ५ वटै वडाबाट हाललाई ६० जना श्रम जनशक्ति सुचीकृत गर्ने कार्य भई सकेको छ।मुख्य तथा सहायक सडक मर्मत तथा स्तरोन्नतीको कार्य गरेको जानकारी गराउछौ ।

*आदरणीय ताराखोला बासी दिदीबहिनी तथा दाजुभाईहरु*

ताराखोला गाउँपालिकाको आ.व.२०८०/८१ को वजेट तथा नीति कार्यक्रम निमार्णको चरणमा हामीले विभिन्न राजनैतिक दल समाजसेवी बुद्धिजिवी शिक्षक तथा टोल बस्तीबाट आम नागरिकबाट सुझावहरु संकलन गरी हाम्रा नीति कार्यक्रम तथा वजेट निमार्ण गरेको थियौं । कार्यक्रम संचालनको लागी पनि यहाँहरुको साथ सहयोग, सल्लाह, सुझावको निरन्तर अपक्षा गर्दछौ । यस चालु आ व मा हामीले  लिएको नीति तथा कार्यक्रमका तपसिल बमोजिमको सोच, लक्ष्य र उद्धेश्य रहेको छ ।

**सोचः- "सुखि नागरिक, समृद्ध गाउँपालिका"**
**लक्ष्यः-"श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पूर्वाधार-गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार"**

उद्देश्यहरुः-

१. आर्थिक विकास तथा सर्वसाधारणहरुको जीवनयापनलाई सहज बनाउनको लागि मुख्य सडक कालोपत्रे सुरुवात सँगै मोटरेबल पुल निर्माण तथा सहायक सडक स्तरोन्नति गर्दै गाउँपालिकाका गौरवका आयोजनाहरुमा बजेटलाई प्राथमिकिकरण गर्ने ।

Scanned with CamScanner
Scanned with CamScanner

२. मानवीय विकासलाई मध्यनजर गर्दै "अध्यक्ष सँग श्रमिक कार्यक्रम" मार्फत किसान, मजदुर, श्रमजिवि वर्गहरुलाई गाउँपालिकामा विकासको मुख्य केन्द्रमा राख्ने ।

३. शैक्षिक क्षेत्रमा बृहत गुरुयोजना सहित आमुल परिवर्तनको प्रत्याभुतिमा जोड दिदै स्वास्थ्यमा लगानी वृद्धि गरी प्रभावकारी व्यवस्थापन तथा नियमनबाट गुणस्तरीयता अभिवृद्धि गर्ने ।

४. गाउँपालिकाभित्र अति आवश्यक पर्ने वस्तु वाहेक विलासिताको वस्तुहरुमा आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्दै अनुगमनलाई थप व्यवस्थित गर्ने ।

५. आन्तरिक उत्पादन र रोजगारि अभिवृद्धिको लागि जल, जमिन, जंगल, उद्योग, स्थानीय उत्पादन (आलु, भाँगो, किवि लगायत), पर्यटनक्षेत्र तथा जैविक विविधता लगायतका प्राकृतिक स्रोतहरुको संरक्षण गर्दै उच्च उपयोग गर्ने।

६. समाजवाद उन्मुख कृषि तथा पशुपालन क्षेत्रमा सामुहिक उत्पादन प्रणालीको विकास गर्ने ।

७. सामाजिक न्याय र समावेशीको लागि जातिय, क्षेत्रिय, लैङ्गिक, भाषिक, सास्कृतिक लगायत सबैखाले विभेदको न्युनिकरण सहित विशेष कार्यक्रमहरु संचालन गर्ने ।

८. राष्ट्रिय भवन संहिता तथा मापदण्डलाई मध्यनजर गर्दै सेवा प्रवाहमा सहजताको लागि भवन निर्माण र खेलकुद विकासको लागि एउटा गौरबको आयोजना संचालन गर्ने ।

९. स्वच्छ पिउने पानी र सरसफाईको सुनिश्चितता गर्ने ।

१०.शहिद, वेपत्ता, घाईते, अपाङ्गलाई विशेष कार्यक्रम मार्फत सम्बोधन गर्ने ।

११.जनसुरक्षाको लागि विपद् जोखिम न्युनीकरणको लागि विशेष जोड दिने ।

१२.विज्ञान तथा सूचना प्रविधिको भरपुर उपयोग गर्ने वातावरण तय गर्ने ।

१३.कार्यपालिका र प्रशासन संयन्त्रको जनमुखि, जवाफदेहिता, बनाई ढिलासुस्ति, अनियमितता, लाई पुनसंरचना एंव आचारसंहिता निर्माण गर्ने।

१४. स्थानीय सरकार सहित सहकारी र निजी क्षेत्रको लगानी गर्ने वातावरण तयार गरि पुँजि विकासलाई प्रोत्साहन गर्ने ।

Scanned with CamScanner

Scanned with CamScanner

१५. राष्ट्रसेवक कर्मचारी, व्यवसायी, नीजि क्षेत्र, सहकारी तथा सम्बन्धित सरोकारवालाहरुलाई कार्यसम्पादनको आधारमा पुरस्कारको व्यवस्था गर्ने ।

१६.संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्ने ।

**यी उद्देश्य परिपुर्तिको लागि आ.व.२०८०/८१ मा तपसिल बमोजिमका मुख्य-मुख्य बजेट तथा कार्यक्रम संचालन हुनेछनः-**

तपसिलः-

क) आर्थिक विकासतर्फः- रु. २ करोड ४ लाख ७० हजार बजेट विनियोजन गरिएको छ भने मुख्य योजना तथा कार्यक्रम यस प्रकार रहेका छनः-

- कृषि उपज संकलन केन्द्र भवन वडा नं.१ माः- रु. ७७ लाख ५९ हजार
- तरिम कृषि कबल घर निर्माणः- रु. ४० लाख
- फलफुल प्रवर्धन कार्यक्रमः- रु. ९ लाख ७५ हजार
- पशुपन्छी औषधी व्यवस्थापनः- रु. ९ लाख
- बाख्रा पकेट विकास कार्यक्रम निरन्तरताः- रु ७ लाख
- लघु उद्यम विकास कार्यक्रमः- रु.१३ लाख
- करिमेला नमुना पर्यटकीय गाउः- रु.१५ लाख
- सहकारी तालिमः- रु. २ लाख, साथै बाकि कार्यक्रम हरु वार्षिक बजेट किताबमा उल्लेख गरिएको छ ।

ख) सामाजिक विकासतर्फः- रु. ४ करोड २२ लाख ८० हजार बजेट विनियोजन गरिएको छ भने मुख्य योजना तथा कार्यक्रम यस प्रकार रहेका छनः-

- बृहत शैक्षिक सुधार कार्यक्रमः- रु ५० लाख
- स्थानीय पाठ्यपुस्तक व्यवस्थापनः- रु ८ लाख
- जनता प्रा.वि. भवन निर्माणः- रु ६५ लाख
- स्यानिटरि प्याड व्यवस्थापनः- रु ६ लाख ७८ हजार
- ५ शैय्याको आधारभुत अस्पतालः- रु १ करोड ७ लाख

Scanned with CamScanner

Scanned with CamScanner

- लैंगिक समानता तथा सामाजिक समावेशिकरणको लागि विभिन्न कार्यक्रम अन्तर्गतः- रु २० लाख
- बहुउद्देश्यीय कभर्ड हल निर्माणः- रु १ करोड १३ लाख
- अध्यक्ष रोजगार कार्यक्रमः- रु १० लाख
- प्रधानमन्त्री रोजगार कार्यक्रमः- रु ५२ लाख ८५ हजार
- स्थानीय संचार तथा टि.भि. व्यवस्थापनः- रु ५ लाख साथै बाकि कार्यक्रम हरु वार्षिक बजेट किताबमा उल्लेख गरिएको छ ।

ग) पूर्वाधार विकासतर्फः रु. ७ करोड ३३ लाख ५० हजार बजेट विनियोजन गरिएको छ भने मुख्य योजना तथा कार्यक्रम यस प्रकार रहेका छनः-

- दलामचौर मोटरेवल पुलः- रु १ करोड ५० लाख
- बगर साँगुवोट दोगाडि करिमेला सडक स्तरउन्नतीः- रु १ करोड
- घुस्मेली भातखाने डाँडा सभाहल सडकः- रु ५० लाख
- सुरक्षित मातृत्व महिला भवन वडा नं ५:- रु ५० लाख
- वडा कार्यालय भवन वडा नं १ :- रु १ करोड १० लाख
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम साझेदारीः- रु १ करोड
- ४ नं. वडा कार्यालय ट्रस निर्माणः- रु १३ लाख ५० हजार
- स्थानीय विद्युत उत्पादन साझेदारीः- रु ९० लाख
- नविकरणीय उर्जाः- रु ८ लाख साथै बाकि कार्यक्रम हरु वार्षिक बजेट किताबमा उल्लेख गरिएको छ ।

घ) वातावरण तथा विपद व्यवस्थापनतर्फः- रु ४८ लाख बजेट विनियोजन गरिएको छ भने मुख्य योजना तथा कार्यक्रम यस प्रकार रहेका छनः-

- सडक मर्मत तथा सरसफाईः- रु. २५ लाख
- ग्याबिन जालि व्यवस्थापनः- रु. ८ लाख
- विपद व्यवस्थापन कोष खर्चः- रु १५ लाख

Scanned with CamScanner

Scanned with CamScanner

तारखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
गण्डकी प्रदेश नेपाल

ङ) संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह तर्फः- रु १ करोड २५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ भने मुख्य योजना तथा कार्यक्रम यस प्रकार रहेका छनः-

- श्रम बैङक संचालन तथा व्यवस्थापनः- रु ७१ लाख
- स्थानीय श्रमको सम्मान तथा व्यवस्थापनः- रु ५ लाख
- संघ प्रदेश योजना साझेदारीः- रु २० लाख
- एकिकृत घुम्ती सेवाः- रु २ लाख ५० हजार
- मेलमिलापकर्ता तालिमः- रु ३ लाख
- टोल विकास संस्था परिचालनः- रु ४ लाख
- उत्कृष्ट कार्य सम्मान तथा विज्ञ सम्मेलनः- २ लाख
- बालमैत्री स्थानीय शासन घोषणाः- १ लाख, साथै बाकि कार्यक्रम हरु वार्षिक बजेट किताबमा उल्लेख गरिएको छ ।

यस आर्थिक वर्षमा उल्लेखित योजना कार्यान्वयन गर्नको लागी यहाँहरुकै सल्लाह सुझाव अनुसार नै अगाडी वढ्ने कुरा जानकारी गराउदछौ ।

**अन्त्यमा,**

तपाईहरुको अमुल्य मत नै ताराखोला समृद्ध बनाउने परिकल्पनाको आधार हो । हाम्रो पाँच वर्ष कार्यकाल सम्म ताराखोला लाई विकासको एक निश्चित दिशामा पुर्याउने लक्ष्यमा यहाँहरुको सदैब सल्लाह सुझाव र सकारात्मक प्रतिक्रिया को अपेक्षा गर्दैछौ । धन्यवाद !

अध्यक्ष
धन बहादुर वि.क. 'हिमाल'
मिति:- २०८०/०४/२६ गते

धन बहादुर वि.क.
अध्यक्ष

ताराखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner
Scanned with CamScanner